तनहुँ जिल्ला अदालत
दमौली

## तनहुँ जिल्ला अदालतवाट जारी भएको

## सूचना ! सूचना ! सूचना !!!

श्री तनहुँ जिल्ला अदालतबाट सर्वसाधरण सबैका लागि जारी भएको
लिलामी सुचना ।

उपर्युक्त सम्बन्धमा वादी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं ५ बस्ने संजय पौंडेल प्रतिवादी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १३ घर भई ऐ.ऐ. वडा नं.१ बस्ने महिमा खातुन भएको लेनदेन मुद्दामा कास्की जिल्ला अदालतको मिति २०७१।४।२६ गतेको, पुनरावेदन अदालत पोखराको मिति २०७२।८।२० गतेको र सम्मानित सर्वोच्च अदालतको मिति २०७९।४।१७ गतेको फैसला अनुसार वादीले प्रतिवादीबाट लिखत बमोजिमको सावाँ रु.१०,००,०००।-(दश लाख रुपैयाँ) सोको कानून बमोजिमको व्याज तथा अदालती शुल्क रु १४,२२०।-शुल्क समेत भराई लिन पाउने ठहरी फैसला भएको र उक्त विगो वापतको रकम प्रतिवादीले नबुझाएको भनी वादीले सिधा खर्च जम्मा गरी कास्की जिल्ला अदालतबाट प्रतिवादीलाई सुचना म्याद दिँदा पनि निजले फैसला बमोजिमको रकम दाखिला गर्न नल्याएको र विगो भराउनका लागि आफ्नो पतिको नाउँ दर्तामा रहेको तनहुँ जिल्ला साविक मनपाङ गा.वि.स वडा नं.३/ग अन्तरगत पर्ने कि.नं.७२ क्षेत्रफल ३-१-०-० को जग्गा देखाई प्रतिवादीको दरखास्त परी कारवाही हुँदा प्रतिवादीले देखाएको प्रतिवादीका पति इसुफ दीन मियाका नामदर्तामा रहेका उल्लिखित कित्ता जग्गाबाट वादीको विगो भराउनु पर्ने हुँदा उक्त जग्गाको मिति २०८०।२।१७ गते तायदात जायदात कार्य सम्पन्न भई मिति २०८०।३।२२ मा उक्त जग्गाको पञ्चकृर्ते मुल्य कायम भई कि.नं.७२ को जग्गाको प्रतिरोपनी रु.५०,०००।-(पचास हजार रुपैयाँ) कायम भएको छ।। अत: तपसिलको जग्गा उक्त पञ्चकृर्ते मूल्यलाई न्युनतम मूल्य मानी मिति २०८०।४।८ गते पहिलो पटक लिलाम हुँदा कोही पनि सकार गर्न नआएकाले मिति २०८०।५।४ गते मुलुकी देवानी कार्यविधी नियमावली,२०७५ को नियम ५७ बमोजिम वादीको विगो वापत द्रोस्रो पटक लिलाम वढावढ हुनेगरी पक्षलाई उक्त दिनको तारिख तोकी यो सूचना प्रकाशन गरीएको छ।वादीको विगो वापत प्रतिवादीको जेथा बढावढ गरी लिलाम सकार गर्न इच्छुक नेपाली नागरिकले तपसिलमा उल्लेखित न्युनतम मूल्यमा नघटाई डाँक कवुल सकार गर्न चाहने सवैको निमित्त यो सुचना प्रकाशित गरिएकोछ।

तपसिल:

१. डाँक लिलाम मिति २०८०।५।४ गते हुने भएकोले यस अदालतको तहशिल शाखामा दिनको १:०० बजेदेखि कार्यालय समय सम्म डाँक लिलाममा बोल कबोल गर्न सकिने छ।
२. तोकिएको दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन डाँक लिलाम हुनेछ।
३. मुलुकी देवानी कार्यविधी नियमावली,२०७५ को नियम ५७ बमोजिम कायम भएको न्युनतम पञ्चकृते मुल्यबाट डाँक बढाबढ गर्नुपर्ने छ।
४. डाँक लिलाम बढाबढ हुँदा सवैभन्दा बढी अंक (रकम) बोलकबोल गर्ने व्यक्तिलाई डाँक लिलाम सकार गराइनेछ।

५. डाँक लिलाम बढाबढको वखत बोलकबोल गरेको रकम तत्कालै दाखिल गर्नुपर्ने छ। तत्काल दाखिल गर्न नसके सो अंकको १० प्रतिशत तत्कालै दाखिला गरी बाँकी रकम डाँक लिलाम भएको मितिले ७ दिन भित्र दाखिल गर्नुपर्ने छ। त्यसरी ७ दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुन:डाँक लिलाम बढाबढको सुचना प्रकाशित गरिनेछ।

६. यस सम्वन्धमा थप बुझ्नुपर्ने भएमा यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला।

७. डाँक लिलाम हुने सम्पत्तिको विवरण :-

अचल सम्पत्तिको विवरण:

**विपक्षी/प्रतिवादीका पति इसुफ दीन मियाका नामदर्तामा रहेको जग्गा:-**

| सि.नं | जिल्ला | गा.वि.स./ न.पा. | वडा नं. | कि.नं | क्षेत्रफल | पञ्चकृते मुल्याङकन बमोजिमको न्युनतम मुल्य |
|---|---|---|---|---|---|---|
| १. | तनहुँ | मनपाङ | ३/ग | ७२ | ३-१-०-० | प्रतिरोपनी रु.५०,०००।–(पचास हजार रुपैयाँ)का दरले उक्त जग्गाको जम्मा मुल्य रु.१,५३,१२५।–(एक लाख त्रिपन्न हजार एक सय पच्चीस रुपैयाँ) |

इति सम्वत् २०८० साल साउन महिना ११ गते रोज ५ शुभम्..............................................................